**फिर्तीलाई स्वागतका जानकारी र स्रोतहरू**
**डिसेम्बर ३०, २०२१**
**अन्तिम**

**विषय:**
**फिर्तीलाई स्वागत- सि सि एस परिवार र कर्मचारीहरूकालागि महत्त्वपूर्ण जानकारी**

प्रिय सि सि एस परिवार र कर्मचारी,

मलाई आशा छ कि तपाँईले आरामदायी, स्वस्थ र सुरक्षित हिँउदे विश्राम गर्नुभयो। सोमबार, जनवरी ३, २०२२ मा फर्किने हाम्रा विद्यार्थीहरू, शिक्षकहरू र कर्मचारीहरूलाई म पर्खिरहेको छु।

हामी सबै विद्यार्थीहरू पुरै समय व्यक्ति नै कक्षाकोठामा पढ्न आउने फिर्तीको योजना बनाइरहेका छौं। तर हामीले नयाँ वर्षकालागि तयारी गर्दैगर्दा ओमिक्रोन भेरियन्टलाई र यसले हाम्रो समुदायमा कोविडको डेटालाई कसरी असर गरिरहेको छ भनि नजिकबाट अनुगमन गरिरहेका छौं। हामी हाम्रो जिल्ला चिकित्सा सल्लाहकार तथा नेशनवाइड चिल्ड्रेन्स हस्पिटलका डा. सारा बोडका साथ-साथै कलम्बस पब्लिक हेल्थसँग नजिकको सम्पर्कमा छौं।

यो नयाँ भेरियन्टको वृद्धिले धेरै मानिसहरूमा असहजता र डर पैदा गरिरहेको छ भन्ने म बुझ्छु। कृपया यो जान्नुहोस् कि हामीले हाम्रो समुदायका जनस्वास्थ्य विशेषज्ञहरूको सल्लाह सुनिरहेका छौं र तदनुसार वहाँहरूको निर्देशन पालना गर्नेछौं।

हामी अर्को हप्तादेखि हाम्रो कक्षाकोठामै पढ्न फर्कने तयारी गर्दैगर्दा हाम्रा परिवार र कर्मचारीहरूले जान्नु पर्ने यहाँ केही उपयोगी स्रोतहरू र जानकारीहरू छन्।

**अध्यवधित कोविड-१९ अलगिकरण र क्वारेन्टाइनका मार्गदर्शन**
कलम्बस पब्लिक हेल्थको सिफारिसमा कलम्बस सिटी स्कूल्सले कोविड-१९ अलगिकरण र क्वारेन्टाइनका प्रक्रियाहरूको बारेमा सीडीसीबाट गरिएको सबैभन्दा नयाँ निर्देशन अपनाएको छ। यहाँ क्लिक गरेर Learn more about the updated CDC guidance here अपडेट गरिएका सीडीसीका मार्गदर्शन बारे थप जान्नहोस्।

- **यदि तपाँईलाई कोविड-१९ को रोग लागेको परीक्षण गर्नुभयो भने** खोप लगएको वा नलगाएको जे भए पनि उसले ५ दिनकालागि अलग्गै रहनुपर्छ।
    - यदि तपाँईसँग कोविड-१९का कुनै लक्षणहरू छैनन् वा तपाँईका लक्षणहरू ५ दिन पछि हराँउदैछन् र यदि थप ५ दिन अरूको वरिपरि मास्क लगाउन जारी राख्न सकनु हुन्छ भने, तपाँई आफ्नो घर छोडेर विद्यालय/कार्यालयमा फर्कन सक्नुहुन्छ।
    - पहिला, सिडिसिले अलग्गीकरण समयवधि १० दिनको सिफारिस गरेको थियो।
- **कोविड-१९ भएको कसैसँग सम्पर्कमा आउनुभयो भने**, तपाँईको खोपको स्थिति (तपाईले बूस्टर खोप लगाएको भए पनि नभए पनि) ले क्वारेन्टाइन र परीक्षणको आवश्यकता निर्धारण गर्नेछ। सीडीसीबाट थप विवरणहरूकालागि यहाँ Click here for additional details from the CDC क्लिक गर्नुहोस्।

- कुनै पनि स्कूल-भित्र भएका संक्रमणकालागि, हामी हालको ओहायो डिपार्टमेन्ट अफ हेल्थ (ODH) मास्क टु स्टे/टेस्ट टु प्ले दिशानिर्देशहरू पालना गर्न जारी राख्छौं Mask to Stay/Test to Play guidelines. स्कूलमा संक्रमण भएका र लक्षणहरु देखिएका एसिम्प्टोमेटिक विद्यार्थीहरू मास्क लगाएर र लक्षणहरूकालागि नजिकबाट अनुगमन गर्दै कक्षामा रहिरहन जारी राख्छन्।

## कोविड परीक्षणहरू

यदि तपाँईसँग symptoms of COVID-19, कोविड-१९ का लक्षणहरू छन् भने,तपाँईलाई कडा रूपमा कोविड परीक्षण गर्न प्रोत्साहित गरिन्छ। हाम्रो क्षेत्रमा घरमै परीक्षण गर्ने किटहरूको आपूर्ति कम हुँदा यहाँ पि सि आर परीक्षणहरू सञ्चालन गरिरहेका प्रदायकहरू पनि छन्। पि सि आर परीक्षण प्रदायक फेला पार्न ओहायो स्वास्थ्य विभागको वेबसाइट हेर्नुहोस्। पि सि आर परीक्षण प्रदायक फेला पार्न Ohio Department of Health website मा क्लिक गर्नुहोस।

सि सि एससँग घरमै गरिने कोविड परीक्षणका किटहरूको आपूर्ति धेरै सीमित छ। हामी अर्को हप्ता किटहरूको नयाँ ढुवानी प्राप्त गर्ने आशा गर्छौं र त्यस समयमा किटहरूको उपलब्धतामा थप जानकारी प्रदान गर्नेछौं।

## सि सि एस कोविड रिपोर्टिङ हटलाइन

यदि तपाँई सिसिएसको कर्मचारी हुनुहुन्छ वा विद्यार्थीको अभिभावक हुनुहुन्छ जो संक्रमित परीक्षण भएको छ वा समुदायमा पुष्टि भएको छ भने सिसिएसको संक्रमण वा कोविड रोग लागेको रिपोर्ट गर्ने तरिका यहाँ छ।:

- सि सि एस (CCS) कोविड-१९ (COVID-19) रिपोर्टिङ हटलाइनको ६१४-३६५-५५४४ (614-365-5544) मा सम्पर्क गर्नुहोस् र अनुरोध गरिएको जानकारी सहितको सन्देश छोड्नुहोस्; वा
- तपाँईको कोविड-१९ (COVID-19) संक्रमित परीक्षण परिणामहरू जिल्ला प्रशासनिक सम्पर्क ट्रेसरहरूलाई यहाँ AdminContactTracing@columbus.k12.oh.us यहाँ इमेल गर्नुहोस्।
- सि सि एस (CCS) सम्पर्क ट्रेसरले थप मार्गनिर्देशन प्रदान गर्न तपाँईलाई सम्पर्क वा इमेल फिर्ता गर्नेछ।
- कोविड रोगलागेको परीक्षणको नतिजा जहिले पनि तपाँईको स्वास्थ्य सेवा प्रदायकलाई पनि रिपोर्ट गरिनुपर्छ।

## खोपहरू

कोविड-१९ (COVID-19) बिरूद्ध हाम्रो उत्तम प्रतिरक्षा भनेको सुरक्षित र प्रभावकारी रूप्मा व्यापक रूपमा उपलब्ध खोपहरू लगाउनु हो। म हाम्रो सि सि एस (CCS) समुदायका सबैलाई खोप लगाउन प्रोत्साहन गर्छु। र यदि तपाँईले पहिले नै खोप लगाइ सक्नुभएको छ भने तपाँईले बूस्टर खोप प्राप्त गर्न समय लिन निश्चित हुनुहोस्!

५ वर्ष र सो भन्दा माथि उमेर पुगगेकाहरूलाई कोविड-१९ (COVID-19) खोप उपलब्ध गराउने स्थानहरूको सूचीकालागि NationwideChildrens.org/Vaccine or gettheshot.coronavirus.ohio.gov मा हेर्नुहोस्।

सम्झाउने स्वरूप अर्को हप्ता हामीले डिसेम्बरमा पहिलो डोज प्राप्त गरेका ५ बर्ष देखि ११ वर्ष सम्मका योग्य विद्यार्थीहरूकालागि हाम्रा समर्पित कोविड-१९ (COVID-19) खोप क्लिनिकहरूको दोस्रो चरणको आयोजना गर्नेछौं। क्लिनिकहरू नियमित स्कूल लागेको समयहरूमा सि सि एस (CCS) का एलिमेन्ट्री र मिडल स्कूलहरूमा आयोजित हुनेछन्।

**मास्क लगाउनुहोस्**
हामीले सबै सि सि एस (CCS) का भवनहरूमा सबै विद्यार्थी, कर्मचारी र आगन्तुकहरूलाई मास्क लगाउन अनिवार्य गरिरहन्छौं। हावाबाट हुने भाइरसको बिरूद्ध सबै भन्दा ठूलो प्रभावकारिताकालागि तपाँईको मुख र नाक राम्रोसँग छोप्ने गरि सधैं मास्क लगाउनु महत्त्वपूर्ण छ।

**शिफ्टलाई (टाढैबाटको शिकाइ) रिमोट लर्निङमा तयारी गर्दै**
कर्मचारी अभावका कारण स्थानीय र राज्य भरका अन्य स्कूल जिल्लाहरू (टाढैबाटको शिकाइ) रिमोट लर्निङमा सरेको देखेर हामीलाई पनि थाहा यो सि सि एस (CCS) कालागि सम्भावना हो। यदि हामीले कक्षाहरू संचालन गर्न शिक्षक वा विकल्पको अभाव वा विद्यार्थीहरूलाई सुरक्षित ढुवानी गर्न बस चालकहरूको अभाव देख्यौं भने हामी प्रभावित स्कूलहरूकालागि (टाढैबाटको शिकाइ) रिमोट लर्निङमा अस्थायी रूप्मा स्थानान्तरण गर्नेछौं।

हामीले जतिसक्दो चाँडो समय अगावै कर्मचारी र परिवारहरूलाई सूचित गर्ने हर प्रयास गर्ने भए तापनि यी परिवर्तनहरू अचानक हुन सक्छन्। म सबै विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई हरेक रात उनीहरूको उपकरण र प्रविधि घरमा लैजान प्रोत्साहन गर्दछु। वा म तपाँईलाई (टाढैबाटको शिकाइ) रिमोट लर्निङमा कसरी समायोजन गर्ने भनेर योजना बनाउन प्रोत्साहन गर्छु।

हामी आशा गर्छौं कि हाम्रा कुनै पनि स्कूलकालागि यो अवस्था नआओस् तर हामीले योजना बनाइरहेका छौं।

**कर्मचारीहरूको अनुपस्थिति प्रतिवेदन**
हाम्रा तयारीहरू स्कूल लागेका दिनहरूमा हाम्रा कर्मचारीहरूको स्तरको स्पष्ट बुझाइमा निर्भर हुन्छन्। यदि तपाँईले बिरामी महसुस गर्ने कर्मचारी सदस्य हुनुहुन्छ भने म तपाँईलाई आफ्नो पर्यवेक्षकलाई सूचित गर्न वा सकेसम्म चाँडो आफ्नो अनुपस्थिति प्रतिवेदन पेश गर्न प्रोत्साहन गर्दछु। अनुपस्थितिका बारेमा हामीलाई जति चाँडो थाहा हुन्छ त्यति नै सहज रूप्मा हामीले हाम्रा विद्यार्थीहरूलाई तयार पार्न र सेवा गर्न सक्छौं।

म नयाँ वर्षको दरिलो सुरुवात गर्न र हाम्रा विद्यार्थी र कर्मचारीहरूलाई सोमबार, जनवरी ३, २०२२ मा कक्षाकोठामा फर्केर आएको देख्न तत्पर छु।

भवदीय,

तालिसा डिक्सन (Talisa Dixon)
सुपरिटेन्डेन्ट/सीईओ, कलम्बस सिटी स्कूल्स
(Superintendent/CEO, Columbus City Schools)